# जोरायल गाउँपालिका
## (Jorayal Rural Municipality)
## गाउँ कार्यपालिकाको कार्यालय
## (Office of The Rural Municipal Executive)

रावतकट्टे, डोटी
Rawatkatte, Doti
सुदूरपश्चिम प्रदेश, नेपाल

प.सं.: २०८१/०८२
च.नं.: ११६

जोरायल गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय रावतकट्टे, डोटी सुदूरपश्चिम प्रदेश, नेपाल २०७३

मिति: २०८१।०६।०२

**विषय:** रिक्त पदमा स्थायी शिक्षक सरुवा सम्बन्धी सूचना।

**श्री यो जो जससँग सम्बन्धित छ।**

डोटी जिल्ला जोरायल गाउँपालिका वडा नं.-६,निरौली स्थित श्री रघुनाथ माध्यमिक विद्यालयमा रिक्त प्राथमिक तहको शिक्षक पदमा सरुवाको प्रक्रिया अगाडि बढाइदिन भनी विद्यालयको च.नं.५१, मिति २०८१।०५।३१ को पत्रबाट अनुरोध भइ आएकोले सम्बन्धित तहमा योग्यता पुगेका स्थायी शिक्षकहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र शिक्षा नियमावलीको अनुसूची १७ बमोजिमको ढाँचामा सम्बन्धित विद्यालय,स्थानीय तह र शिक्षा विकास तथा समन्वय इकाइको सहमति सहित शिक्षक सरुवा सम्बन्धि निर्देशिका २०८१ को दफा ९ बमोजिम सम्बन्धित विद्यालयमा निवेदन दिन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

**पुनश्च:**

१. तोकिएको म्यादभित्र विद्यालयको इमेल ठेगाना raghunathmabi6@gmail.com मार्फत समेत निवेदन पेश गर्न सकिने छ।

२.म्याद नाघी वा तोकिए बमोजिमको रित नपुगी प्राप्त हुन आएको निवेदनमाथि कुनै कार्वाही हुने छैन।

**बोधार्थ:**

१.श्री शिक्षा विकास तथा समन्वय इकाइ,डोटी

२.श्री रघुनाथ माध्यमिक विद्यालय जोरायल गाउँपालिका वडा नं. ६, निरौली डोटी।

२०८१।०६।०२

**नि. प्रमुख प्रशासकीय अधिकृत**